# कोशी प्रदेश पर्यटन वर्ष, २०८२ कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८१

*प्रदेश सरकार मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत मितिः २०८१/१२/......*

प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

कोशी प्रदेश, विराटनगर

नेपाल

२०८१ चैत्र

# कोशी प्रदेश पर्यटन वर्ष, २०८२ कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८१

**पृष्ठभूमीः**

प्रदेश सरकार, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश अन्तर्गत आ.व. २०८१/०८२ मा कोशी प्रदेशको पर्यटन क्षेत्रलाई दिगो रुपमा प्रवर्द्धन गरी पर्यटनको अवसर र सम्भावनाको उपयोग गर्दै प्रादेशिक तथा राष्ट्रिय अर्थतन्त्रमा यस क्षेत्रको योगदान बढाउन निजी क्षेत्र समेतको सहकार्यमा सञ्चालन गर्ने उद्देश्यले प्रदेश सरकारले घोषणा गरेको कोशी प्रदेश पर्यटन वर्ष, २०८२ लाई प्रदेश गौरबको एउटा महत्वपूर्ण कार्यक्रमको रुपमा सञ्चालन गर्नका लागि प्रदेश सरकारबाट मिति २०८१/०६/११ मा *कोशी प्रदेश पर्यटन वर्ष, २०८२* घोषणा भएको छ ।

पर्यटन वर्षका लागि स्वीकृत कार्यक्रमहरुको प्रभावकारी ढंगले सम्पादन भएमा त्यसबाट प्राप्त हुने प्रतिफल समेत गुणस्तरीय भई आशातित उपलब्धि हासिल गर्न सकिन्छ । कार्यक्रम प्रभावकारी ढंगले तोकिएको गुणस्तरमा सम्पादन गर्न कार्यक्रम सम्पादन गर्ने निकायहरु बीच एकै खालको कार्यक्रम सञ्चालन प्रकृयामा साझा बुझाई रही कार्य सम्पादन हुनु पर्दछ । अतः स्वीकृत कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गरी अधिकतम उपलब्धि हासिल गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गर्ने निकाय र सेवा प्रदायकहरुलाई कार्यक्रम कार्यान्वयनमा सहजता र एकरुपताका लागि कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी पर्यटन, वन तथा वातावरण मन्त्रालयले यो *मार्गदर्शन* जारी गरेको छ ।

पर्यटन वर्ष, २०८२ को तयारी तथा सञ्चालनका लागि मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरुबाट सम्पादन हुने क्रियाकलापहरुलाई समेटी कार्यक्रम सञ्चालनका लागि ५५ वटा बुँदामा यो मार्गदर्शन तयार पारिएको छ।

**मार्गदर्शनको आधारभूत सिद्धान्त**

यो मार्गदर्शन निर्माणका क्रममा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७७, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९, सार्वजनिक खर्चको मापदण्ड तथा मितव्ययिता सम्बन्धी निर्देशिका २०७९, भ्रमण खर्च नियमावली, २०६४, कोशी प्रदेश पर्यटन वर्ष, २०८२ सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१, कोशी प्रदेश विनियोजन ऐन, २०८१ तथा आ.व. २०८१/०८२को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनलाई आधारभूत सिद्धान्तको रुपमा लिइएको छ। त्यसैगरी यी कार्यक्रमहरु सञ्चालन गर्दा निजी क्षेत्रसँगको समन्वय र सहकार्य, जनसहभागिता, मितव्ययिता, पारदर्शिता, प्रभावकारिता र औचित्यता समेतलाई मूलभूत सिद्धान्त मानी सोही बमोजिम प्रचलित कानूनका आधारमा तय गरिएका क्रियाकलाप सञ्चालन गर्नु क्रियाकलाप सञ्चालन गर्ने निकायको जिम्मेवारी हुनेछ।

# विषयसूची


पृष्ठभूमीः ....... I

मार्गदर्शनको आधारभूत सिद्धान्त ....... I

१. मूल आयोजक समिति बैठक तथा पर्यटन अन्तरक्रिया ....... 1

२. कोशी प्रदेश पर्यटन वर्ष २०८२ उद्घाटन खर्च (पूर्व तयारी समेत) ....... 1

३. कोशी प्रदेश पर्यटन वर्ष घोषणा कार्यक्रम (२०८१ असोज ११) बाँकी खर्च भुक्तानी ....... 1

४. गन्तव्य बजारीकरणका लागि स्वयम् सेवकइन्टर्न परिचालन/ ....... 2

५. **Eastern Tourism Mart (Koshi)**मा सहभागिता ....... 2

६. **International Public Theater conference** ....... 3

७. अन्तर प्रदेश पर्यटकीय भेला, बैठक सम्मेलन ....... 3

८. अन्तरास्ट्रिय चिया पर्यटन महोत्सबमा सहभागिता ....... 4

९. कञ्चनजङ्गा हिमाल पर्यटन प्रवर्द्धन ....... 5

१०. पर्यटन महोत्सव सहयोग ....... 5

११. कोशी मोटर बोट फेस्टिबल ....... 6

१२. रामधुनी बराहक्षेत्र धार्मिक पर्यटन मार्फत पर्यटन प्रवर्द्धन ....... 6

१३. मौलिक खाना मार्फत पर्यटन प्रवर्द्धन (फूड फेस्टिबल) ....... 7

१४. बिदेशी पाहुनाको प्रतिनिधि भ्रमण व्यवस्थान ....... 7

१५. **Koshi Tourism International Conclave** ....... 8

१६. मूख्य गन्तव्य क्षेत्रका धार्मिक, सार्वजनिक स्थलहरु र कोशी टप्पुमा सरसफाइ र सौन्दर्यीकरण ....... 9

१७. कोशी प्रदेशमा चरा पर्यटन कार्यक्रम ....... 9

१८. **Travel Tours Agents**हरुको प्रदेश सम्मेलन ....... 10

१९. पर्यटन सूचना केन्द्रहरुको सुदृढीकरण ....... 10

२०. लोगो, मस्कट र नारा तयारी ....... 11

२१. अन्तर्राष्ट्रिय सगरमाथा दिवस (तयारी तथा कार्यान्वयन) ....... 11

२२. **Media Influencer**मार्फत पर्यटन वर्षको प्रचार प्रसार ....... 12

२३. गन्तब्य परिचयात्मक भ्रमण मार्फत पर्यटन प्रवर्द्धन (स्वदेशी तथा विदेशी संचारकर्मी लक्षित)............13

२४. पर्यटन बर्ष प्रवर्धन गित रचना संगीत र भिडियो तयारी............13

२५. प्रचारप्रसार सामाग्री तयारी र वितरण (पोस्टर, मूल ब्रोसर, पर्यटन गन्तब्य र आकर्षणका ब्रोसरहरु डायरी, फोटोबुक, पर्यटन म्यागजिन) तथा पर्यटन प्रवर्धन पुस्तिकाको हिन्दी, वंगाली र अंग्रेजी भाषामा सम्पादन तथा छपाई आदी)............14

२६. पर्यटन बर्षको सुचना समाचार बङ्गाली, चिनियाँ, आसामी र हिन्दी भाषामा विदेशी टेलिभिजनबाट प्रचार प्रसार विज्ञापन एजेन्सी मार्फत............14

२७. प्रचारप्रसार सामाग्री तयारी र स्थापना (विभिन्न आकारका होर्डिङ बोर्डहरु)............15

२८. सामाजिक सन्जाल सृजना र **Top Vloger**परिचालन **(website, facebook, instragram, wechat, etc)** ............15

२९. सार्वजानिक स्थल तथा यातायातमा प्रचार प्रसार (व्यानर, स्टिकर छपाइ तथा वितरण)............16

३०. भिडियो डकुमेन्ट्री निर्माण (सबै समेटिएको)............16

३१. पर्यटकीय गन्तब्यहरुको फोटो प्रदर्शनी प्रतियोगिता............17

३२. उपहारजन्य सामाग्री छपाई तथा खरिद (कलम, की रिङ्ग, टोपि, कप, टी सर्ट, कोट ब्याज, झोला, भित्ते पात्रो, पर्यटकीय पहिचानको फोटो पोष्टर विभिन्न आकारका स्टीकर आदी)............17

३३. लोक संस्कृति मार्फत प्रचार प्रसार (गान्धर्व, साकेला नाच, संगिनी नाच मार्फत नेपाल तथा भारतमा पर्यटन प्रवर्धन)............18

३४. पत्रकार सम्मेलन सञ्चालन (प्रदेश भित्र र बाहिर)............19

३५. कोशी प्रदेशको होमस्टेहरुको तथ्याङ्क अभिलेखीकरण र सूचना सहितको पुस्तिका प्रकाशन............19

३६. नेपाल टेलिभिजन लगायत अन्य टेलिभिजन मार्फत पर्यटन वर्षको प्रवर्धन............20

३७. रेडियो मार्फत प्रचारप्रसार............20

३८. पत्रपत्रिका मार्फत प्रचारप्रसार (पर्यटकीय गन्तव्यहरुको लेख, तस्विर, अन्तर्वार्ता आदी)............21

३९. पर्यटकीय गन्तव्यहरुको सूचनामूलक जानकारी सहितको **QR**कोड तयारी............21

४०. बिमानस्थलहरु (काठमाडौ, पोखरा र भैरहवा)को प्रतिक्षालय तथा सिनेमा हलमा पर्यटन प्रवर्धन भिडियो तथा सूचना प्रसार............22

४१. समग्र कार्यक्रमको प्रतिवेदन प्रकाशन............22

४२. पर्यटन सद्भावनादुत व्यवस्थापन............23

४३. जिल्ला स्तरीय पर्यटन प्रवर्द्धन कार्यक्रम तथा अन्तरक्रिया....23

४४. सिमा क्षेत्रका भारतीय सुरक्षा निकाय तथा स्थानीय सरकार र उद्योगीसँग समन्वय बैठक र अन्तरक्रिया....24

४५. विदेशी राजदुत र महावाणिज्यदुतसँगको अन्तरक्रिया मार्फत पर्यटन प्रवर्द्धन....24

४६. पर्यटन नीतिगत अन्तरकृया....25

४७. पर्यटन जनशक्तिः बिकास र अभिमुखीकरण (आतिथ्यता सिप विकास)....25

४८. पर्यटन पत्रकारिता सम्बन्धी क्षमता विकास कार्यक्रम....26

४९. हस्तकलाका उपहारजन्य सामग्री (बाँसको जरा) उत्पादन सम्बन्धी तालिम (मायाको चिनो)....26

५०. पर्यटन गाइड पोर्टर ड्राइभर हरुलाई क्षमता विकास तालिम अनुशिक्षण (झापा ईटहरी ईलाम उदयपुर मोरङ)....27

५१. नेपाल र भारतका विभिन्न शहरमा गरिने **Road Show**मार्फत पर्यटन प्रवर्द्धन....28

५२. भारतीय सिमा बर्ती बजारमा गरिने मार्ट तथा पर्यटन प्रवर्द्धनमा सहभागिता....28

५३. सुरक्षाका लागि पर्यटक प्रहरी परिचालन....29

५४. पर्यटक सूरक्षा सम्वन्धी औजार उपकरण आदि वितरण....29

५५. पर्यटक यातायात साधन पहिचान स्टिकर छपाई....30

१. **मूल आयोजक समिति बैठक तथा पर्यटन अन्तरक्रिया**

**परिमाणः** १ पटक।

**विनियोजित बजेटः** १५ लाख मात्र।

**कार्यक्रमको उद्देश्यः** कोशी प्रदेश पर्यटन वर्ष, २०८२ को प्रचार प्रसार गर्ने र महत्वपूर्ण सुझावहरु संकलन गर्न मिति २०८१ माघ १० गते कोशीटप्पु क्षेत्रमा सञ्चालन भएको मूल आयोजक समितिको बैठक तथा पर्यटन अन्तरक्रिया कार्यक्रममा भएको खर्चको भुक्तानी गर्ने।

**कार्यान्वयनविधिः** यो कार्यक्रम सञ्चालनका लागि स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा गरेको खर्चको सक्कल विल भर्पाई र सो लाई पुष्ट्याई गर्ने अन्य प्रमाणित कागजातहरु समावेश गरी कार्यसम्पन्न प्रतिवेदन कार्यक्रम सञ्चालनको जिम्मेवारी पाएको कर्मचारीबाट पेश भए पश्चात प्रचलित कानून बमोजिम भुक्तानी गर्नु पर्नेछ।

२. **कोशी प्रदेश पर्यटन वर्ष २०८२ उद्घाटन खर्च (पूर्वतयारी समेत)**

**परिमाणः** १ पटक

**विनियोजित बजेटः** रु. ३० लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** प्रदेश भ्रमण वर्षको शुभराम्भ समारोह सञ्चालन तथा व्यवस्थापन गर्ने ।

**कार्यान्वयन विधिः** खाना, खाजा, पानी, स्वागतगेट, टेन्टकुर्सी भाडा, फोटोग्राफी तथा डकुमेन्ट्री तयारी, मञ्च व्यवस्थापन, सजावट, व्यानर, स्टेशनरी, साउण्ड सिस्टम, क्याप/टोपी छपाइ, सहभागीलाई परिवहनका लागि बस व्यवस्थापन, कार्यक्रमस्थल तयारी आदिमा खर्च गर्ने गरी विस्तृत लागत अनुमान स्वीकृत गराई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। कार्यक्रम सम्पन्न भए पश्चात विस्तृत लागत अनुमानका आधारमा गरेको खर्चको सक्कल विल भर्पाई र सोलाई पुष्ट्याई गर्ने अन्य प्रमाणित कागजातहरु समावेश गरी कार्यसम्पन्न प्रतिवेदन पेश भए पश्चात प्रचलित कानून बमोजिम भुक्तानी गर्ने।

**जनशक्तिः** यो कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँगको समन्वयमा मन्त्रालय, पर्यटन विकास आयोजना र मन्त्रालय मातहतका पर्यटन कार्यालयका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** यो कार्यक्रम पश्चात कोशी प्रदेश पर्यटन वर्ष २०८२ को समारोह सञ्चालन, व्यवस्थापन तथा औपचारिकरुपमा शुरुवात भएको हुनेछ।

३. **कोशी प्रदेश पर्यटन वर्ष घोषणा कार्यक्रम (२०८१असोज११) बाँकी खर्च भुक्तानी**

**परिमाणः** १ प्याकेज

**विनियोजित बजेटः** २ लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** कोशी प्रदेश पर्यटन वर्ष घोषणा कार्यक्रम (२०८१ असोज ११) सञ्चालनका दौरानमा अपुग भएको खर्चको व्यवस्थापन गर्ने।

**कार्यान्वयन विधिः** मिति २०८१ असोज ११ गते विराटनगरमा सम्पन्न भएको कोशी प्रदेश पर्यटन वर्ष २०८२ को घोषणा कार्यक्रम सञ्चालनका दौरानमा सम्झौता अनुसार सिर्जना भएको अनिवार्य दायित्व मध्ये बाँकी अपुग रकमको लागि सक्कल विल भर्पाई र सो लाई पुष्ट्याई गर्ने अन्य प्रमाणित कागजातहरु समावेश गरी भुक्तानी गर्नु पर्नेछ।

४. **गन्तव्य बजारीकरणका लागि स्वयम् सेवक इन्टर्न परिचालन**

**परिमाणः** १ प्याकेज।

**विनियोजित बजेटः** रु. ३० लाख मात्र।

**कार्यक्रमको उद्देश्यः** पर्यटकीय गन्तव्यहरु तथा सूचनाको प्रचार प्रसार, अध्ययन र व्यवस्थापनमा सहयोग गर्ने ।

**कार्यान्वयन विधिः** पर्यटन सम्वन्धी विषय अध्ययन हुने कलेजहरुसँग समन्वय गरी बढीमा ३० जना विद्यार्थीहरुलाई ३ महिनाका लागि खाना खाजा वापतको सेवा सुविधा उपलब्ध गराउने गरी कलेजसँग सम्झौतागरी सम्बन्धित कलेज मार्फत इन्टर्न सिप परिचालन गर्नु पर्नेछ। पाँच सय भन्दा बढी सहभागी हुनसक्ने ठूला कार्यक्रमहरुमा आवश्यक संख्यामा स्वयम्सेवक खटाउन परेमा खाना खाजा वापतको रकममात्र भुक्तानी गर्न सकिनेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन विकास आयोजनाका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** पर्यटकीय गन्तव्यहरु तथा सूचनाको प्रचार प्रसार, अध्ययन र व्यवस्थापनमा सहयोग भएको हुनेछ।

५. **Eastern Tourism Mart (Koshi)मा सहभागिता**

**परिमाणः** १ पटक

**विनियोजित बजेटः** रु. ५ लाख मात्र।

**कार्यक्रमको उद्देश्यः** कोशी प्रदेशको इटहरीमा निजीक्षेत्र समेतको सहकार्यमा सञ्चालन भएको मार्टमा सहभागी भई पर्यटन प्रवर्द्धन गरिएको ।

**कार्यान्वयन विधिः** Eastern Tourism Mart सञ्चालत गर्ने संस्थाले पेश गरेको प्रस्तावमा उल्लेख भए बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने तयार गरेको विस्तृत लागत अनुमान अध्ययन गरी आपसी समझदारीका आधारमा स्वागतगेट, टेन्टकुर्सीभाडा, फोटोग्राफी तथा डकुमेन्ट्री तयारी, मञ्च व्यवस्थापन, सजावट, व्यानर, स्टेशनरी, साउण्ड सिस्टम, क्याप/टोपी छपाइ, कार्यक्रमस्थल तयारीआदिमा यो कार्यक्रमको बजेट खर्च गर्नु पर्नेछ। स्वीकृत भएको विस्तृत लागत अनुमानका

आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजात Eastern Tourism Mart सञ्चालत गर्ने संस्थाले पेश गरे पश्चात प्रचलित कानून बमोजिम खर्च गरिनेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय धरानका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** कोशी प्रदेशको इटहरीमा निजी क्षेत्रसमेतको सहकार्यमा सञ्चालन हुने मार्टमा सहभागी भई पर्यटन प्रवर्द्धन भएको हुनेछ।

६. **International Public Theater conference**

**परिमाणः** १ पटक

**विनियोजित बजेटः** रु. ५ लाख मात्र।

**कार्यक्रमको उद्देश्यः** कोशी प्रदेशमा निजीक्षेत्र समेतको सहकार्यमा सञ्चालन हुने सम्मेलनबाट पर्यटन प्रवर्द्धन गर्ने।

**कार्यान्वयन विधिः** प्रस्ताव सहित पेश भएको विस्तृत लागत अनुमान अध्ययनगरी आपसी समझदारीका आधारमा निजी क्षेत्रसँग सम्झौता गरी यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यो कार्यक्रमबाट स्वागतगेट, टेन्टकुर्सीभाडा, फोटोग्राफी तथा डकुमेन्ट्री तयारी, मञ्च व्यवस्थापन, सजावट, व्यानर, स्टेशनरी, साउण्ड सिस्टम, क्याप/टोपी छपाइ, कार्यक्रमस्थल तयारी तथा पर्यटन प्रवर्द्धनसँगस म्बन्धित कृयाकलाप आदिमा खर्च गर्न सकिनेछ। स्वीकृत भएको विस्तृत लागतअनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सो सँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय, धरानका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर ।

**अपेक्षित उपलब्धीः** कोशीप्र देशमा निजीक्षेत्र समेतको सहकार्यमा सञ्चालन हुने सम्मेलनबाट पर्यटन प्रवर्द्धन भएको हुनेछ।

७. **अन्तर प्रदेश पर्यटकीय भेला, बैठक सम्मेलन**

**परिमाणः** ५ संख्या

**विनियोजित बजेटः** रु. १० लाख मात्र।

**कार्यक्रमको उद्देश्यः** अन्तर प्रदेश पर्यटकीय भेला, मेला, बैठक तथा महोत्सवमा पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्ने।

कार्यान्वयन विधिः उद्योग वाणिज्य महासंघ लगायतको आयोजनामा सञ्चालन हुने भेला, मेला महोत्सवलाईलागत अनुमान र प्रस्तावकोआधारमा सम्झौता गरी रकम प्रदान गर्नु पर्नेछ। यस रकमबाट खाजा र खाना खर्च बाहेक कार्यक्रम व्यानर, फ्लेक्स, स्वागतगेट, मञ्चव्यवस्थापन, मायाको चिनो, डकुमेन्ट्री तयारी, प्रतिवेदन तयारी, आदिमा खर्च गर्न सकिनेछ। स्वीकृत भएको विस्तृतलागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सो सँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

जनशक्तिः यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन विकास आयोजना र पर्यटन कार्यालय काकडभिट्टाका कर्मचारीहरु परिचालन हुनेछन् ।

सहयोगी निकायः कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर

अपेक्षित उपलब्धीः पाँच पटक अन्तर प्रदेश पर्यटकीय भेला, मेला, बैठकतथा महोत्सवमा पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसारभएको हुनेछ।

## ८. अन्तरास्ट्रिय चिया पर्यटन महोत्सबमा सहभागिता

**परिमाणः** १ पटक

**विनियोजित बजेटः** रु. २ लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** इलाम जिल्लामा सञ्चालन हुने अन्तराष्ट्रिय चिया महोत्सवमा सहकार्य गरी पर्यटन वर्षको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने ।

**कार्यान्वयन विधिः** उक्त कार्यक्रमका लागि विस्तृत लागत अनुमान र प्रस्ताव अध्ययन गरीआपसी समझदारीका आधारमा सम्झौतागरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । यसका लागि स्वागतगेट, टेन्टकुर्सीभाडा, फोटोग्राफी तथा डकुमेन्ट्री तयारी, मञ्च व्यवस्थापन, सजावट, व्यानर, स्टेशनरी, साउण्ड सिस्टम, कार्यक्रमस्थल तयारी आदिमा खर्च गर्न सकिनेछ। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सो सँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय काकडभिट्टाका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** इलाम जिल्लामा सञ्चालन हुने अन्तराष्ट्रिय चिया महोत्सवमा सहकार्य गरी पर्यटन वर्षको प्रचारप्रसार तथाप्र वर्द्धन भएको हुनेछ।

## ९. कञ्चनजङ्घा हिमाल पर्यटन प्रवर्द्धन

**परिमाणः** १ पटक

**विनियोजित बजेटः** रु.३० लाख मात्र।

**कार्यक्रमको उद्देश्यः** विश्वको तेस्रो अग्लो हिमाल आरोहीहरु समेतको सहभागीतामा प्रदेश पर्यटन वर्षको प्रचार गर्दै सुदुरपूर्वी जिल्ला ताप्लेजुङमा कञ्चनजंगा- हिमाल महोत्सव गर्ने ।

**कार्यान्वयन विधिः** कार्यक्रमको अवधारणा पत्र र विस्तृत लागत अनुमान स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यस कार्यक्रमबाट स्थानीय परिवेश र आवश्यकताका आधारमा बढीमा दुईवटा सम्म संस्थालाई रकम बाँडफाँड गर्न सकिनेछ। नेपाली कन्चनजंघा समिटर्सहरुलाई पर्यटन विभागसँगको समन्वयमा आमन्त्रणगर्नु परेमा मन्त्रालयले समन्वय गर्नेछ। स्वदेशी र विदेशी कन्चनजंघा समिटर्सहरुलाई खाना, खाजा, होटलबास, सवारी साधन खर्च (हवाइजहाज भाडा बाहेक) यसै कृयाकलापबाट बेहोरिनेछ। यसका साथै महोत्सवका लागि स्वागतगेट, टेन्टकुर्सीभाडा, फोटोग्राफी तथा डकुमेन्ट्री तयारी, मञ्च व्यवस्थापन, सजावट, व्यानर, स्टेशनरी, साउण्ड सिस्टम, कार्यक्रमस्थल तयारी आदिमा खर्च गर्न सकिनेछ। स्वीकृत भएको विस्तृत लागतअनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय काकडभिट्टाका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** एकपटक विश्वको तेस्रो अग्लो हिमाल आरोहिहरु समेतलाई प्रदेश पर्यटन वर्षको प्रचार गर्दै सुदुर-पूर्वी जिल्ला ताप्लेजुङमा कञ्चनजंगा हिमाल महोत्सव भएको हुनेछ।

## १०. पर्यटन महोत्सव सहयोग

**परिमाणः** २ पटक

**विनियोजित बजेटः** रु. १० लाख मात्र।

**कार्यक्रमको उद्देश्यः** पर्यटन महोत्सव सञ्चालन गरी पर्यटकीय गतिविधि बढाउने।

**कार्यान्वयन विधिः** विस्तृत लागत अनुमान र प्रस्ताव अध्ययनगरी आपसी समझदारीका आधारमा सम्झौतागरी कार्यक्रम गर्नु पर्नेछ। यसका लागि स्वागतगेट, टेन्टकुर्सीभाडा, फोटोग्राफी तथा डकुमेन्ट्री तयारी, मञ्च व्यवस्थापन, सजावट, व्यानर, स्टेशनरी, साउण्ड सिस्टम, कार्यक्रमस्थल तयारी आदिमा खर्च गर्न सकिनेछ। खाना तथा खाजाको व्यवस्थापन आयोजकले नै व्यहोर्नु पर्नेछ। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण

गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सो सँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय काकडभिट्टा र धरानका कर्मचारीहरु परिचालन हुनेछन् ।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** दुइ स्थानमा पर्यटन महोत्सव सञ्चालन गरी पर्यटकीय गतिविधि बढेको हुने।

## ११. कोशी मोटर बोट फेस्टिबल

**परिमाणः** १ पटक

**विनियोजित बजेटः** रु.३००००० मात्र

**कार्यक्रमको उद्देश्यः** साहसिक खेलकुद मार्फत पर्यटन प्रवर्द्धन गर्ने।

**कार्यान्वयन विधिः** यो कार्यक्रम सञ्चालनका लागि कम्तिमा ७ दिनको सूचना आव्हान गरी पेश भएको प्रस्तावलाई मूल्याङ्कन गर्दा उपयुक्त देखिएको नियमानुसारदर्ता/ नवीकरणभएका मोटरबोट तथा ऱ्याफ्टिङ सञ्चालन कम्पनी/फर्म/संघ/संस्थालाई छनौट गर्नु पर्नेछ ।यस कार्यक्रमबाट व्यानर, फ्लेक्स, स्वागतगेट, मञ्च व्यवस्थापन, मायाको चिनो, डकुमेन्ट्री तयारी, प्रतिवेदन तयारी, आदिमा खर्च गर्न सकिनेछ भने खाजा र खाना आयोजकले नै गर्नुपर्नेछ। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सो सँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय धरानका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** एक पटक साहसिक खेलकुद मार्फत पर्यटन प्रवर्द्धन भएको हुनेछ।

## १२. रामधुनी बराहक्षेत्र धार्मिक पर्यटन मार्फत पर्यटन प्रवर्द्धन

**परिमाणः** १ पटक

**विनियोजित बजेटः** रु. २० लाख मात्र।

**कार्यक्रमको उद्देश्यः** धार्मिक पर्यटन मार्फत पर्यटन प्रवर्द्धन गर्ने।

**कार्यान्वयन विधिः** यो कार्यक्रम सञ्चालनका लागि रामधुनी नगरपालिकाले पेश गरेको प्रस्तावको अध्ययन गरी रामधुनी नगरपालिका र पर्यटन विकास आयोजनावीच समझदारी पत्रमा हस्ताक्षर गर्नु पर्नेछ। उक्त समझदारी पत्रमा भएको व्यवस्था बमोजिम यस कार्यक्रमबाट रामधुनी नगरपालिकाले व्यानर, फ्लेक्स, स्वागतगेट, मञ्च व्यवस्थापन, मायाको चिनो, प्रतिवेदन तयारी आदिमा खर्च गर्ने

गरी लागत अनुमान स्वीकृत गरी निजी क्षेत्रसँग सम्झौता गरी कार्यक्रम सञ्चालनगर्न सक्नेछ। तर यस कार्यक्रमबाट खाजा र खानामा खर्च गर्न सकिने छैन। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी रामधुनी नगरपालिका र पर्यटन विकास आयोजनाका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** धार्मिक पर्यटन मार्फत पर्यटन प्रवर्द्धन भएको हुनेछ ।

## १३. मौलिक खाना मार्फत पर्यटन प्रवर्द्धन (फूड फेस्टिबल)

**परिमाणः** ५ पटक

**विनियोजित बजेटः** रु. ७ लाख ५० हजार मात्र

**कार्यक्रमको उद्देश्यः**मौलिक खानाको प्रवर्द्धन गर्दै पर्यटन क्षेत्रमा योगदान गर्ने ।

**कार्यान्वयन विधिः** यस कार्यक्रमबाट लागत अनुमान र प्रस्तावकाआधारमामौलिक खाना (फूड फेस्टिबल) प्रवर्द्धन गर्ने संस्थासँग सम्झौतागरी कार्यक्रम सञ्चालनगर्नु पर्नेछ। यसरकमबाट कार्यक्रम व्यानर, फ्लेक्स, स्वागतगेट, मञ्च व्यवस्थापन, मायाको चिनो, डकुमेन्ट्री तयारी, प्रतिवेदन तयारी, आदिमा खर्च गर्न सकिनेछ भने खाजा र खाना आयोजकलेनै गर्नुपर्नेछ। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय काकडभिट्टा र धरानका कर्मचारीहरु परिचालन हुनेछन् ।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** पाँच स्थानमा मौलिक खानाको प्रवर्द्धन गर्दै पर्यटन क्षेत्रमा योगदान भएको हुनेछ।

## १४. बिदेशी पाहुनाको प्रतिनिधि भ्रमण व्यवस्थान

**परिमाणः** २ पटक

**विनियोजित बजेटः** रु. ५ लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** प्रदेश सरकारको आयोजना हुने पर्यटन सम्वन्धी कार्यक्रमहरुमा आमन्त्रित बिदेशी पाहुनाको भ्रमण व्यवस्थान गर्ने ।

कार्यान्वयन विधिः यो कार्यक्रम सञ्चालनका लागि विस्तृत लागत अनुमान तयार गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यसका लागि प्रदेश सरकार को निर्णयानुसार तथा नेपाल सरकारको सहमतिबाट आमन्त्रण गरिएका विदेशी पाहुनाको प्रतिनिधिमण्डलको खर्च व्यवस्थापन गरिनेछ। आवश्यक व्यवस्थापनका लागि खाना, खाजा, होटलबास, सवारी साधन खर्च (हवाइजहाज भाडा बाहेक) यसै कृयाकलापबाट बेहोरिनेछ। प्रदेश सरकारको स्वीकृत नलिइ तथा प्रचलित नियमानुसार नभएको भ्रमण व्यवस्थापनको खर्च भुक्तानी हुनेछैन। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

जनशक्तिः यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन विकास आयोजनाका कर्मचारीहरु परिचालन हुनेछन्।

सहयोगी निकायः कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

अपेक्षित उपलब्धीः दुई पटक प्रदेश सरकारको आयोजना हुने पर्यटन सम्वन्धी कार्यक्रमहरुमा आमन्त्रित बिदेशी पाहुनाको भ्रमण व्यवस्था नभएको हुनेछ।

## १५. Koshi Tourism International Conclave

परिमाणः १ पटक

**विनियोजित बजेटः** रु.१० लाख मात्र ।

कार्यक्रमको उद्देश्यः कोशी प्रदेशमा सञ्चालन हुने अन्तराष्ट्रिय पर्यटन महोत्सव मार्फत पर्यटन वर्षको प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने ।

कार्यान्वयन विधिः यो कार्यक्रमका लागि सम्बन्धित संस्थाले पेश गरेको विस्तृत लागत अनुमान र प्रस्ताव अध्ययनगरी आपसी समझदारीका आधारमा सम्झौता गर्नु पर्नेछ। यो कार्यक्रमबाट स्वागतगेट, टेन्टकुर्सीभाडा, फोटोग्राफी तथा डकुमेन्ट्री तयारी, मञ्च व्यवस्थापन, सजावट, व्यानर, स्टेशनरी, साउण्ड सिस्टम, कार्यक्रमस्थल तयारी आदिमा खर्च गर्न सकिनेछ। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

जनशक्तिः यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन विकास आयोजनाका कर्मचारीहरु परिचालन हुनेछन्।

सहयोगी निकायः कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

अपेक्षित उपलब्धीः एक पटक कोशी प्रदेशमा सञ्चालनहुने अन्तराष्ट्रिय पर्यटन महोत्सव मार्फत पर्यटनवर्षको प्रचारप्रसार तथा प्रवर्द्धन भएको हुनेछ।

१६. **मूख्य गन्तव्य क्षेत्रका धार्मिक, सार्वजनिक स्थलहरु र कोशी टप्पुमा सरसफाइ र सौन्दर्यीकरण**

**परिमाणः** ८ वटा

**विनियोजित बजेटः** रु.४० लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** कोशी प्रदेशका मूख्य गन्तव्य क्षेत्रका ऐतिहासिक धार्मिक तथा सार्वजनिक स्थलहरु सरसफाइ र सौन्दर्यीकरण गर्ने ।

**कार्यान्वयन विधिः** यो कार्यक्रम सञ्चालनका लागि लागत अनुमान तयार गरी प्रस्ताव आव्हानका लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।तोकिएको समयावधि भित्र पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट गरेर सम्झौता गरी सो संस्था मार्फत यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यसकार्यक्रमबाट पूर्वाधार निर्माण गर्न सकिने छैन। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन विकास आयोजना, पर्यटन कार्यालय काकडभिट्टा र धरानका कर्मचारीहरु परिचालन हुनेछन् ।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** कोशी प्रदेशका आठ मूख्य गन्तव्य क्षेत्रका ऐतिहासिक धार्मिक तथा सार्वजनिकस्थलहरु सरसफाइ र सौन्दर्यीकरण भएको हुनेछ।

१७. **कोशी प्रदेशमा चरा पर्यटन कार्यक्रम**

**परिमाणः** २ पटक

**विनियोजित बजेटः** रु. ६ लाख मात्र।

**कार्यक्रमको उद्देश्यः** कोशी प्रदेशमा रहेको दुर्लभ लोपोन्मुख संकटापन्न अवस्थामा रहेका चराहरुको गणना गर्ने, सो को प्रचार प्रसार गर्ने र पर्यटकहरुलाई आकर्षित गर्ने ।

**कार्यान्वयन विधिः** यस कार्यक्रमका लागि सम्बन्धित संस्थाले पेश गरेको विस्तृत लागत अनुमान र प्रस्ताव अध्ययन गरी आपसी समझदारीका आधारमा सम्झौता गर्नु पर्नेछ। यस कार्यक्रमबाट सहभागीका लागि स्टेशनरी, व्यानर, यातायतखर्च, ढुङ्गाभाडा, आदिमा खर्च गर्न सकिनेछ। खाजा र खानामा हुने खर्च यस कार्यक्रमबाट लेख्न पाइने छैन। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सो सँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

जनशक्तिः यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय काकडभिट्टा र धरानका कर्मचारीहरु परिचालन हुनेछन् ।

सहयोगी निकायः कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

अपेक्षित उपलब्धीः कोशी प्रदेशमा रहेको दुर्लभलोपोन्मुख संकटापन्न अवस्थामा रहेका चराहरुको दुइ स्थानमा बर्च वाचिङ तथा पर्या-पर्यटन अभिवृद्धि भएको हुनेछ।

## १८. Travel Tours Agents हरुको प्रदेश सम्मेलन

परिमाणः १ पटक

विनियोजित बजेटः रु. १० लाख मात्र।

कार्यक्रमको उद्देश्यः कोशी प्रदेशमा कृयाशिल Travel Tours Agents हरुको प्रदेश सम्मेलन गर्ने ।

कार्यान्वयन विधिः यस कार्यक्रमका लागि लागत अनुमान र प्रस्तावका आधारमा सम्झौतागरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ। यस रकमबाट कार्यक्रम व्यानर, फ्लेक्स, स्वागतगेट, मञ्च व्यवस्थापन, मायाको चिनो, डकुमेन्ट्री तयारी, प्रतिवेदन तयारी आदिमा खर्च गर्न सकिनेछ भनेखाजा र खानाका लागि यो कार्यक्रमबाट खर्च लेख्न पाइने छैन । स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सोसँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

जनशक्तिः यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन विकास आयोजनाका कर्मचारीहरु परिचालन हुनेछन्।

सहयोगी निकायः कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर

अपेक्षित उपलब्धीः कोशी प्रदेशमा कृयाशिल Travel Tours Agents हरुको एक पटकप्रदेश सम्मेलन भएको हुनेछ।

## १९. पर्यटन सूचना केन्द्रहरुको सुदृढीकरण

परिमाणः ४ स्थान

विनियोजित बजेटःरु. ४० लाख मात्र।

कार्यक्रमको उद्देश्यः पर्यटकीय गन्तव्यहरु तथा सूचनाको प्रचार प्रसार गर्नेका लागि स्थापित सूचना केन्द्रहरुको सुदृढीकरण गर्ने।

कार्यान्वयन विधिः सम्बन्धित स्थानीय तह तथा अध्यागमन कार्यालयसँग समन्वयगरी भण्टाबारी, काकडभिट्टा, विराटनगर, पशुपतिनगरमा रहेको नाकामा पर्यटन सूचना केन्द्र तथा अध्यागमन कार्यालयमा पर्यटन वर्षको प्रचारकालागि डिजिटल डिस्प्ले बोर्ड खरिदगरी जडानगर्नका लागि लागत अनुमान र स्पेशीफिकेशन तयार गरी स्वीकृत गराएर सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम अनुसार खरिद गर्नु पर्नेछ । खरिद गरिएको सामग्री स्वीकृत भएको विस्तृत लागत अनुमान र

स्पेसिफिकेशन अनुसार भए नभएको जाँच गरी खरिदका सक्कलै विल र भर्पाईहरु तथा खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन साथै राखी प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय काकडभिट्टाका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** ४ स्थानमा स्थापित सूचना केन्द्रहरुको सुदृढीकरण भएको हुनेछ ।

## २०. लोगो, मस्कट र नारा तयारी

**परिमाणः** १ प्याकेज

**विनियोजित बजेटः** रु. ३ लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** भ्रमण वर्षको विशेष पहिचानका लागि लोगो, मस्कट र नारा तयारी गर्ने।

**कार्यान्वयन विधिः** मापदण्ड तयार गरी मापदण्ड अनुसारको लोगो, मस्कट र नाराका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने र प्राप्त हुन आएका लोगो, मस्कट र नारालाई मापदण्ड बमोजिम मूल्याङ्कन गरी प्रत्येक विधाका एक/एक वटा उत्कृष्ठ लोगो, मस्कट र नारा मूल्याङ्कन समितिबाट सिफारिस गर्नु पर्नेछ । छनौट भएको लोगो, मस्कट र नारालाई मन्त्रालयको निर्णयानुसार पुरस्कारको व्यवस्था गर्न सकिनेछ। तय गरिएको पुरस्कार वितरण गर्दा नियमानुसार करकट्टी गर्नु पर्नेछ। छनौट भएको लोगोलाई ब्याजको रुपमा छपाइ गर्ने,वितरण गर्ने लगायतका कार्यका लागि यो कार्यक्रममा विनियोजन भएको बजेट खर्च गर्न सकिनेछ ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरीपर्यटन विकास आयोजनाका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर

**अपेक्षित उपलब्धीः** भ्रमण वर्षको विशेष पहिचानका लागि एक/एक वटा लोगो, मस्कट र नारा तयारी भएको हुनेछ।

## २१. अन्तर्राष्ट्रिय सगरमाथा दिवस (तयारी तथा कार्यान्वयन)

**परिमाणः** १ प्याकेज

**विनियोजित बजेटः** रु. ५ लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** अन्तर्राष्ट्रिय सगरमाथा दिवसको तयारी तथा कार्यान्वयनका लागि प्रि-इभेन्ट सञ्चालन गर्ने ।

**कार्यान्वयन विधिः** यो कार्यक्रम सञ्चालनका लागि विस्तृत लागत अनुमान तयार गरी स्वीकृत लागत अनुमानको परिधि भित्र रहने गरी प्रि-इभेन्टको रुपमा तयारी कार्यक्रम गर्नु पर्नेछ ।यसका लागि खाना, खाजा, पानी, स्वागतगेट, टेन्टकुर्सीभाडा, फोटोग्राफी तथा डकुमेन्ट्री तयारी, मञ्च व्यवस्थापन,

सजावट, व्यानर, स्टेशनरी, साउण्डसिस्टम, क्याप/टोपी छपाइ, कार्यक्रमस्थल तयारी आदिमा खर्च गर्न सकिनेछ। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सो सँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय धरानका कर्मचारीहरु परिचालन हुनेछन्।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर ।

**अपेक्षित उपलब्धीः** विभिन्न आठस्थानमा अन्तर्राष्ट्रिय सगरमाथा दिवसको तयारी तथा कार्यान्वयनका लागि प्रि-इभेन्ट सञ्चालन भएको हुनेछ।

## २२. Media Influencerमार्फत पर्यटन वर्षको प्रचार प्रसार

**परिमाणः** ३पटक

**विनियोजित बजेटः** रु.९ लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** मिडिया मार्फत पर्यटन वर्षको प्रचार प्रसार गर्ने ।

**कार्यान्वयन विधिः** यो कार्यक्रम सञ्चालनका लागि विस्तृत लागत अनुमान र कार्यसूची तयार गर्नु पर्नेछ। स्वीकृत लागत अनुमान र कार्यसूची बमोजिमको कार्य गर्न सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। मूल्याङ्कन मापदण्डका आधारमा योग्य तथा न्यूनतम मूल्याङ्कित ३वटा मिडिया मार्फत कोशी प्रदेशको पर्यटन वर्षको प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनु पर्नेछ। यस कार्यक्रमबाट प्रसारसामाग्री बनाउने, प्रसारण गर्ने लगायतका कार्यका लागि नेपाल टेलिभिजन र रेडियो नेपालको स्वीकृत नर्मसको प्रयोग गर्नु पर्नेछ। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, मिडियामा प्रचार प्रसार भएका सामग्रीहरुको पेन ड्राइभ, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सो सँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यो कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन विकास आयोजना, पर्यटन कार्यालय काकडभिट्टा र धरानका कर्मचारीहरु परिचालन हुनेछन् ।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर।

**अपेक्षित उपलब्धीः** तिन प्याकेजमा मिडिया मार्फत पर्यटन वर्षको प्रचार प्रसार भएको हुनेछ ।

२३. गन्तब्य परिचयात्मक भ्रमण मार्फत पर्यटन प्रवर्द्धन (स्वदेशी तथा विदेशी संचारकर्मी लक्षित)

**परिमाणः** २पटक

**विनियोजित बजेटः** रु.१० लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** कोशी प्रदेशमा रहेका विदेशी च्यानलहरुका पत्राकारहरुलाई पर्यटकीय गन्तव्यहरुको भ्रमण गराई उक्त स्थानको प्रचार प्रसार गर्ने ।

**कार्यान्वयन विधिः** नेपालमा रहेका विदेशी च्यानल/मिडियाका ३० जना पत्रकारहरुलाई ३ दिन कोशी प्रदेशका मुख्य पर्यटकीय क्षेत्र भ्रमण गराइ पर्यटन वर्षको प्रचार प्रसार गर्ने गरी सहभागीका लागि स्टेशनरी, व्यानर, खाजा, खाना, सवारी साधन रिजर्भभाडा, यातायतखर्च, सहभागीभत्ता, मायाको चिनो आदि समावेश गरी लागत अनुमान स्वीकृत गराई खर्च गर्नु पर्नेछ। स्वीकृत भएको विस्तृत लागत अनुमानका आधारमा भएको खर्चको सक्कलै विल र भर्पाईहरु, खर्च सार्वजनीकरण गरेको विवरण देखिने कागजात, कार्य सम्पन्न प्रतिवेदन र सो सँग सम्बन्धित अन्य कागजातहरु पेश भए पश्चात प्रचलित कानून बमोजिम खर्च भुक्तानी गर्नु पर्नेछ।

**जनशक्तिः** यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन कार्यालय काकडभिट्टा र धरानका कर्मचारीहरु परिचालन हुनेछन् ।

**सहयोगी निकायः** कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर ।

**अपेक्षित उपलब्धीः** कोशी प्रदेशमा रहेका विदेशीच्यानलहरुका पत्राकारहरुलाई दुइ पटक पर्यटकीय गन्तव्यहरुको भ्रमण गराई उक्तस्थानको प्रचारप्रसार भएको हुनेछ।

२४. पर्यटन बर्ष प्रवर्धन गित रचना संगीत र भिडियो तयारी

**परिमाणः** ५ संख्या

**विनियोजित बजेटः** रु.१० लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्ने ।

**कार्यान्वयन विधिः** यस कार्यक्रमका लागि मूल्याङ्कन मापदण्ड तय गरी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने र संगितज्ञको मूल्याङ्कनबाट उत्कृष्ट गीत रचना छनौट गर्नु पर्नेछ। यस कार्यक्रमबाट विज्ञलाई पारिश्रमिक दिने व्यवस्था गर्न सकिनेछ। छनौट भएको पर्यटन गितलाई संगीत र गायनका लागि विज्ञद्वारा मापदण्ड निर्माण गर्न लगाई पुनः सुचना प्रकाशन गर्नु पर्नेछ। मापदण्डका आधारमा मूल्याङ्कन गराई मूल्याङ्कनबाट उत्कृष्ट छनौट भएकोलाई उचित पुरस्कार दिन सकिनेछ। छनौट भएको गितको भिडियोग्राफी (मोडलिङसहित) का लागि सूचना प्रकाशन गर्नु पर्नेछ। विज्ञको मूल्याङ्कनबाट छनौट भएका उत्कृष्ट ३ वटालाई उचित पुरस्कार व्यवस्था गर्न सकिनेछ। यस कार्यक्रमबाट दिइने पुरस्कारको राशीका लागि मन्त्रालयबाट प्रदेश सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी निर्णय भए बमोजिम हुनेछ । पुरस्कार राशीमा नियमानुसार करकट्टी हुनेछ। यो कार्यक्रमसँग सम्बन्धित प्रतिवेदन तयारी भएको हुनु पर्नेछ ।

जनशक्तिः यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरीपर्यटन विकास आयोजनाका कर्मचारीहरु परिचालन हुनेछन्।

सहयोगी निकायः कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर ।

अपेक्षित उपलब्धीः पाँच वटा पर्यटन गित संगीत तयार भइ पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसार भएको हुनेछ।

**२५. प्रचार प्रसार सामाग्री तयारी र वितरण (पोस्टर, मूलब्रोसर, पर्यटन गन्तब्य र आकर्षणका ब्रोसरहरु डायरी, फोटोबुक, पर्यटन म्यागजिन) तथा पर्यटन प्रवर्धन पुस्तिकाको हिन्दी, वंगाली र अंग्रेजीभाषामा सम्पादन तथा छपाई आदी)**

**परिमाणः** ८ प्याकेज

**विनियोजित बजेटः**रु.४० लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसारका लागि गित रचना संगीत र भिडियो तयारी गर्ने ।

कार्यान्वयन विधिः विज्ञ व्यक्ति परिचालन गरी विज्ञको पारिश्रमिक समेत दिन सकिने गरी पर्यटन वर्ष सम्वन्धी नेपाली, अंग्रेजी, हिन्दी, बंगाली र चिनीया भाषामा प्रचारप्रसार सामाग्री तयार गर्न र सो को प्रकाशन गर्न लागत अनुमान तयार गरी यो कार्यक्रम सञ्चालनको प्रकृया अगाडि बढाउनु पर्नेछ। सार्वजनिक खरिद विधिअनुसार विज्ञको छनौट र प्रकाशनको कार्य गर्नु पर्नेछ।

जनशक्तिः यस कार्यक्रमको सञ्चालनका लागि निर्देशक समिति, पर्यटन व्यवसायीहरु समेतसँग समन्वय गर्ने गरी पर्यटन विकास आयोजना, पर्यटन कार्यालय काकडभिट्टा र धरानका कर्मचारीहरु परिचालन हुनेछन् ।

सहयोगी निकायः कोशी प्रदेश पर्यटन वर्ष २०८२ को सचिवालय, विराटनगर ।

अपेक्षित उपलब्धीः पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार भएको हुनेछ ।

**२६. पर्यटन बर्षको सुचना समाचार बङ्गाली, चिनियाँ, आसामी र हिन्दी भाषामा विदेशी टेलिभिजनबाट प्रचार प्रसार विज्ञापन एजेन्सी मार्फत**

**परिमाणः** ४ प्याकेज

**विनियोजित बजेटः** रु. ८ लाख मात्र ।

**कार्यक्रमको उद्देश्यः** पर्यटकीय गन्तव्यहरुको प्रचार प्रसार गर्ने ।

कार्यान्वयन विधिः यो कार्यक्रम सञ्चालनका लागि लागत अनुमान र कार्यसूची तयार गरी स्वीकृत गर्नु पर्नेछ। लागत अनुमान र स्वीकृत कार्यसूची बमोजिमको कार्य गर्न सम्बन्धित विज्ञापन एजेन्सीसँग सम्झौता गर्नु पर्नेछ । सम्झौतामा उल्लेख भए बमोजिम विज्ञापन एजेन्सीले विदेशी टेलिभिजन मार्फत प्रचार प्रसारका विज्ञापनहरु प्रसारण गर्नु पर्नेछ । प्रशासण गरिएको विज्ञापनको प्रमाणपत्र,

